# मौजुदा सूचीमा दर्ता गराउने बारेको सूचना

मितिः २०८३।०४।१२

नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतका लागि आर्थिक वर्ष २०८३।०८४ मा आवश्यक पर्ने विभिन्न तपशिल बमोजिमका वस्तु तथा सेवाहरुको आपूर्ति गर्नका लागि योग्य र इच्छुक आपूर्तिकर्ता/सेवा प्रदायकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र सूचीकृत हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

- फर्निचर तथा फिक्सचर्स, सवारी साधन, कार्यालय उपकरण, कम्प्युटर तथा उपकरण लगायत अन्य खप्ने सम्पत्तिहरु।
- छपाई तथा स्टेशनरी सामाग्रीहरु।
- पानी, इन्धन, कार्यालय तथा भान्छाका मालसामान, मेडिकल सामाग्रीहरु लगायतका अन्य सामाग्रीहरु।
- सवारी साधन, मेसिनरी उपकरण, कम्प्युटर तथा उपकरण, फर्निचर तथा अन्य मर्मत सेवा।
- कुरियर, पत्रपत्रिका तथा सूचना प्रकाशन, ढुवानी, इन्टरनेट, परामर्श, सुरक्षा तथा अन्य सेवा।

**आवश्यक कागजातहरुः**

- निवेदन, फर्म तथा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र र आपूर्ति गर्ने वस्तु तथा सेवाको विवरण।

**सम्पर्क विवरणः**

- नेपाल बीमा प्रधिकरण कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर ०७, सुर्खेत। फोन नम्बरः ०८३-५९०७४३/४४, ईमेलः infokp@nia.gov.np, वेवसाइटः www.nia.gov.np
- मौजुदा सूचीमा अनलाइन दर्ता suchidarta.nia.gov.np मार्फत गर्न सकिन्छ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
कर्णाली प्रदेश कार्यालय